# तानसेन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

☎ ०७५-५२०१०९,५२०८९३,५२०९०९,५२०१
✉ info@tansenmun.gov.np
ito. tansenmun@gmail.com


प.स.
च.न.

मिति:२०८१/०९/२३
११४५ पोहेलाथ्व अष्टमी

**पहुँचयुक्तता परीक्षण कार्यक्रमकोको लागि प्रस्ताव आह्वानको सूचना**

तानसेन नगरपालिकाको आर्थिक बर्ष ०८१/८२ को लागि स्वीकृत पहुँचयुक्तता परीक्षण कार्यक्रमको लागि देहायको कार्यक्षेत्रगत शर्त(ToR) को अधीनमा रही कार्य गर्ने गरी योग्यता पुगेका इच्छुक परामर्शदाता संस्थाहरुबाट ७ दिनभित्र प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ । साथै कार्यक्रम सम्बन्धी ToR यसैसाथ संलग्न छ ।

**आवश्यक कागजातहरु**

- संस्थाको निवेदन
- ToR मा उल्लिखित अन्य योग्यता खुल्ने कागजातहरु तथा आर्थिक प्रस्ताव
- संस्थाको गतवर्षको लेखा परीक्षणप्रतिवेदन तथा कर चुक्ताको प्रमाणपत्र

..............................

पितम्बर पाण्डे

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

# पहुँचयुक्तता परीक्षण कार्यक्रम सञ्चालनका लागि स्वीकृत कार्यक्षेत्रगत शर्तहरु(ToR)

खण्ड -१

## कार्यक्रमको पृष्ठभूमि

विभिन्न हिसाबले सामाजिक मूलप्रवाह भन्दा टाढा रहेका, अपाङ्गता भएका व्यक्ति, अशक्त, गर्भवती महिला,ज्येष्ठ नागरिक तथा अन्य लक्षित वर्गका नागरिकहरुलाई सामाजिक न्याय र समताको सर्वमान्य सिद्धान्त अनुसार सेवाप्रवाहमा सरलीकरण गर्नु स्थानीय सरकारको प्राथमिक दायित्वभित्र पर्दछ । यो कार्य तानसेन नगरपालिकाको प्राथमिकताभित्रको विषय रहेता पनि उद्धेश्य र सेवाप्रवाह वीचको तादात्म्यताको पुष्टि हुन उल्लिखित लक्षित वर्गका सेवाग्राहीहरुको पहुँच सरल र सहज भएको सुनिश्चित हुनुपर्दछ । सेवाको पहुँच कुन हिसावले पुगेको छ भन्ने परीक्षणयोग्य विषय भएकोले चालु आर्थिक वर्षको नगरसभाबाट पहुँचयुक्तता परीक्षणको लागि कार्यक्रम तथा वजेट सुनिश्चित गरिएकोले प्रस्तुत कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न इच्छुक परामर्श सेवा प्रदायक संस्थाको लागि यो कार्यक्षेत्रगत शर्तहरु तयार गरिएको छ ।

कार्यक्रमको नामः पहुँचयुक्तता परीक्षण
उपलब्ध बजेटः ५०,०००

लक्षित वर्ग/समुदायः अशक्त अपाङ्गता भएका ब्यक्ति, गर्भवती महिला, ज्येष्ठ नागरिक तथा अन्य लक्षित समुदाय

## कार्यक्रमको उद्देश्यः

- अशक्त अपाङ्गता भएका ब्यक्ति, गर्भवती महिला, ज्येष्ठ नागरिक तथा अन्य लक्षित समुदायको सेवामा पहुँचको बारे परीक्षण गरी यथार्थ अवस्था पत्ता लगाउनु ।
- प्राप्त नतिजा अनुसार सेवा प्रवाहमा सुधारका लागि सुझावहरु प्राप्त गर्नु ।

## परीक्षण विधि

### १. प्रश्नावली निर्माण

पहुँचयुक्तताको परीक्षणका लागि उपयुक्त ढाँचामा तयार पारेको कम्तीमा २० प्रश्नहरुयुक्त प्रश्नावलीहरु कार्यालयबाट स्वीकृत गराई कम्तीमा १०० जना लक्षित सेवाग्राहीहरुबाट भराई सो को विश्लेषण गर्नुपर्नेछ ।

CamScanner

२. फिल्ड सर्भे

लक्षित वर्गको सेवामा पहुँचयुक्तताको परीक्षणका लागि सेवाप्रदायक संस्थाले कम्तीमा ७ वटा फरक फरक वडाका लक्षित वर्गहरुसम्म पुगी ती वडाका कम्तीमा ४/४ जनासम्म पुगी प्रश्नावली मार्फत् प्रतिकृया संकलन र विश्लेषण गर्नुपर्नेछ ।

यसरी सङ्कलित तथ्याङ्कको प्रशोधन तथा विश्लेषणबाट प्राप्त यथार्थपरक नतिजालाई सुझावयुक्त प्रतिवेदन सहित स्वीकृतिको लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नुपर्नेछ ।

## खण्ड-२

### सेवाप्रदायक परामर्शदाताको लागि आवश्यक योग्यता

- यस अघि कम्तीमा पाँचवटा नगरपालिका/गाउँपालिकामा सामाजिक परीक्षण गरेको अनुभव संलग्न हुनुपर्नेछ ।
- स्नातकोत्तर उत्तीर्ण योग्यता भएको विज्ञलाई नियुक्त गरेको हुनुपर्नेछ । सो को प्रमाण र शैक्षिक योग्यताको प्रमाणपत्र संलग्न हुनुपर्नेछ।

### कार्यक्रमको लागि प्रस्तावित अनुमानित बजेट विभाजन

तानसेन नगरपालिकाको खर्चको मापदण्ड सम्बन्धी निर्देशिका २०८० को अधीनमा रहेर कार्यक्रममा विनियोजित बजेट लाई देहायअनुसार हुने गरी अनुमानित विभाजन गरिएको छ

| क्र. सं. | विवरण | समय/दर | जम्मा लागत | कैफियत |
|---|---|---|---|---|
| १ | फिल्ड सर्वेमा वडागत तथ्याङ्क सङ्कलकको लागि पारिश्रमिक | ४ दिन | ४०००।- | |
| २ | कार्यालयका सेवाग्राहीको प्रश्नावलीमार्फत तथ्याङ्क सङ्कलनकर्ता पारिश्रमिक(कम्तीमा १०० जना सेवाग्राहीको) | अनुमानित ४ दिन | २४००।- | |
| ३ | विज्ञ पारिश्रमिक | १० दिन | १५०००/- | |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| ४ | प्रश्नावली तथा प्रतिवेदन तयारी सम्मको लागि मसलन्द तथा अन्य खर्च | | ५०००/- | |
| ५ | विविध खर्च | | ३६००/- | |
| जम्मा अनुमानित खर्च | | | ३०,०००/- | |

<u>कार्यक्रम सम्पन्न गरी प्रतिवेदन गर्नुपर्ने अवधी:-</u> कार्यक्रम सम्झौता मितिले २५ दिनभित्र।